क्रमसंख्या–७७

# भिक्षु
# धर्मालोक महास्थविर

Dhamma.Digital

लेखक

रत्न सुन्दर शाक्य
" परियत्ति सद्धम्मपालक "
भक्तपुर

बु. सं. २५३५

बि. सं. २०४८

मूल्य रू. ५।–

Downloaded from http://dhamma.digital

क्रमसंख्या–७७

# भिक्षु
# धर्मालोक महास्थविर


लेखक

रत्न सुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

भक्तपुर



बु. सं. २५३५

बि. सं. २०४८

मूल्य रू. ५।–


Downloaded from http://dhamma.digital

प्रकाशक :
"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू
काठमाडौं, नेपाल ।

फोन- २-७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३५
ने. सं. १११२
वि. सं. २०४८
ई. सं. १९९२

प्रथम संस्करण - १००० प्रति

मुद्रक :
शोभा भगवती प्रिटिङ्ग प्रेस
ढल्को, क्षेत्रपाटी, काठमाडौं
फोन- २-१२५६१

Downloaded from http://dhamma.digital



भिक्षु धर्मालोक महास्थविर
(वि. सं. १९४७–२०२४)

Downloaded from http://dhamma.digital

# समर्पण

जसको छत्रछायाँमा रही बुद्धधर्मको अध्ययनमा
विशेष टेवा मिल्न गएको थियो, वहाँ
पूज्य भिक्षु विवेकानन्द महास्थविर
(वि. सं. १९७३–२०४२)
को स्मृतिमा ।

– रतन सुन्दर शाक्य

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

नेपालका अद्वितीय भिक्षु धर्मालोक महास्थविर, जस्ले सांच्चैको बुद्ध, बोधिसत्व र धर्म खोज्दै प्रवज्या प्राप्त गरे। बोधिसत्व महामन्जुश्रीलाई खोज्दै महाचीन पुगे। धर्म खोज्दै कुनाकाप्चा पुगे। गाउँ-गाउँमा धर्मको व्याख्यान गर्दै बिहार-हरूको निर्माण गरे। आफ्ना कुल सन्तानहरूलाई भिक्षुत्व दिलाई आफू पनि संघमा सामेल भए। धर्मको नाउँमा ज्यान सम्म दिन तयार भए। अन्याय अत्याचार विरुद्ध क्रान्ति गरे। शान्तिको चाहना गर्दै चोरहरूको वस्तीमा आनन्द कुटी बनाई वसे। कयौं पटक बास गरेको कुटी उजाडी दिदा पनि दिक्क नमानी हालको आनन्द कुटी बनाई दिए। उहाँको जीवनीलाई रत्न सुन्दर शाक्यले लेखी आनन्द कुटीलाई प्रकाशन गर्ने मौका दिनु भएकोमा लेखक धन्यवादका पात्र हुनुहुन्छ। उहांको सुस्वास्थ्य दिर्घायु र सफलताको कामना गर्दछु।

यो जीवनी हेर्दा हामी सबैलाई काम गर्ने हौसला बढाउँदछ। सोही पुस्तक आनन्द कुटी विहार गुठीको ७७ औं प्रकाशन हो।

Downloaded from http://dhamma.digital

यस अमूल्य ग्रन्थलाई पढी आफ्नो जीवन सफल पार्न र नव प्रकाशनहरू गर्न सहयोग दिन पाठकवृन्दमा विनम्र निवेदन गर्दछु ।

पत्र मञ्जुषा ३००७
काठमाडौं ।
फोन – २७१४२०

**भिक्षु मैत्री**
सदस्य सचिव
आनन्दकुटी विहारगुठी
स्वयम्भू

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# दुई शब्द

भिक्षु धर्मालोक महास्थविरको संक्षिप्त जीवनी पढ्न पाउँदा सारै खुशी लाग्यो । पुस्तिका पढ्नासाथ अनायाश २४ वर्ष अगाडि महाराजगञ्ज स्थित अस्पतालमा वहाँको सेवा गर्दा वहाँले भन्नुभएको कुरा याद आयो –

"सुदर्शन ! नेपालय् बुद्धशासन न्हानचुन संघर्ष याना हाः कायेक बल्लाके फइ मखु । ह्मः छम्हंः मिखा तया, भतिचाहे मग्यासें, घौछि हे अलसि मचासें यक्व संघर्ष याये मानि । अले हे जक बुद्ध–शासन बुद्ध–जन्मभूमि स्थिर याये फइ ।"

आफ्नो विश्वासको धनी एवं आफ्नो उद्देश्य पूरा गर्न सतत, सजग, सचेत हुने पूज्य भिक्षु धर्मालोक महास्थविरबाट मैले निर्भय भएर लेख्ने र बोल्ने प्रेरणा पाएको छु । वहाँले मलाई आफ्नो चित्त नबुझेका कुराहरू दुईचार वटा पुस्तिका-का रूपमा लेख्न लगाउनु भएको छ । पुस्तिका प्रकाशन भएपछि प्रतिक्रिया, आलोचना, प्रत्यालोचना, प्रतिप्रत्यालो-चनाका लागि सम्बन्धित ब्यक्ति कहाँ आफै गएर ती प्रकाशित

Downloaded from http://dhamma.digital

पुस्तिकाहरू पुऱ्याउन जानुहुन्थ्यो । यसरी स्वतन्त्रचिन्तन र प्रज्ञा–स्वतन्त्रताको वहाँ ठूलो हिमायती हुनुहुन्छ ।

विभिन्न बौद्ध व्यक्तित्व र उनीहरूको कृतिको खोज-पूर्ण लेखहरू लेख्ने श्री रत्न सुन्दर शाक्यबाट लिखित यस भिक्षु धर्मालोक महास्थविरको संक्षिप्त जीवनी पुस्तिकामा पूज्य धर्मालोक महास्थविरको धार्मिक व्यक्तित्वको सार संक्षिप्त चित्रण त भएकै छ साथै नेपालको आधुनिक युगको बुद्ध शासनको इतिहासमा पनि थुप्रै प्रासंगिक प्रकाश फैलाएको छ। विश्वासपूर्ण आशा छ, बुद्ध–शासनप्रेमी पाठकहरूबाट यसको हार्दिक स्वागत हुनेछ ।

श्री कीर्ति विहार
कीर्तिपुर
२६ माघ २०४८

– भिक्षु सुदर्शन

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आफ्नो कुरा

पूज्य भिक्षु धर्मालोक महास्थविरको जीवनी संक्षिप्त रूपमा भए पनि यहाँको साम् प्रस्तुत गर्न पाउँदा म अति हर्षित छु ।

भिक्षु धर्मालोक महास्थविरको यस्तै किसिमको संक्षिप्त जीवनी दुई दशक अगाडि (वि. सं. २०२७ सालमा) बौद्ध विद्वान एवं साहित्यकार श्री धर्मरत्न 'यमि' ले प्रस्तुत गरिसक्नु भएकोथियो । अहिले त्यस पुस्तिका प्रायः अप्राप्य हुन आएको कारण, आफूले त्यसको पनि सन्दर्भ लिई यस जीवनी प्रस्तुत गरेको हुँ ।

मेरो इच्छा थियो – पूज्य धर्मालोक महास्थविरको देनलाई पुनः एक पटक नेपाल भाषाको प्रचार–प्रसारमा लागेका महानुभावहरू एवं विशेषतः बौद्ध युवा साथीहरूलाई स्मरण गराउनु ।

यस जीवनीलाई आद्योपान्त हेरी भाषा–शंसोधन गरिदिनुभएकोमा भानु माध्यमिक विद्यालय (दरवार हाईस्कूल) का प्रधानाध्यापक सुवर्ण शाक्य प्रति म ऋणी छु ।

Downloaded from http://dhamma.digital

भिक्षु सुदर्शन महास्थविरले "दुई–शब्द" लेखी दिनु भई पुस्तकको शोभा बढाई दिनुभएकोमा वहां प्रति म विशेष रूपमा ऋणी छु। वहाँकै प्रेरणाबाट मैले यस क्षेत्र (विभिन्न बौद्ध विद्वानहरूको खोजनीति गर्ने) मा लागेको छु। यस्तै प्रेरणा, सहयोग पाउँदै गएमा आफूले पनि अगाडि बढ्दै जाने अठोट लिएको छु।

यस पुस्तिकाको अध्ययनबाट कुनै एक जनाले मात्र भएपनि भिक्षु धर्मालोक महास्थविर, राहुल सांकृत्यायन, भिक्षु अमृतानन्द आदि देश-विदेशका बौद्ध विद्वानहरूको बारेमा खोजनीति गर्ने तर्फ लागेमा म आफूलाई सफल भएको सम्झन्छु।

पुस्तिका प्रकाशनको भार वहन गरि दिएकोमा "आनन्दकुटी विहार गुठी" प्रति आभारी छु। पुस्तिका केही दिनमै प्रकाशित गरिदिएकोमा "शोभा भगवती प्रिटिङ्ग प्रेस" परिवारलाई धन्यवाद छ।

थालाछें, भक्तपुर–४ — रत्न सुन्दर शाक्य
१ फागुण २०४८

Downloaded from http://dhamma.digital

# भिक्षु धर्मालोक महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थान गर्नमा धर्मसेना पतिको रूपमा भूमिका निभाएका व्यक्तिहरूमा भिक्षु धर्मालोक महास्थविर पनि एक प्रमुख मध्येको हुनुहुन्छ ।

वहाँको जन्म सन् १८९० को दिसेम्बर महिनामा काठमाण्डौं असनटोलको धालासिक्व बहालनिर भएको थियो । पिता केशसुन्दर-तुलाधर र माता वेखालक्ष्मी तुलाधरबाट वहाँको नाम 'दशरत्न' राखिएको थियो । पछि 'बाबुराम' भनियो । 'साहू–कुलमा जन्मेको कारण वहाँलाई छोटकरीमा 'बारांसाहू' र 'दशरत्न साहू' भनी सम्बोधन गरिन्थ्यो ।

व्यापारको सिलसिलामा वहाँ बरोबर कलकत्ता, ल्हासा र आसाम आदि ठाउँमा जानु हुन्थ्यो । यसरी वि.सं. १९७० तिर एकपटक कलकत्ता पुग्नुभएको बेला वहाँले कलकत्तामा श्रीलंकाका मानिसहरू देख्नुभएको थियो । त्यो देखेर वहाँ निकै आश्चर्य चकित हुनुभयो । काठमाडौंमा रहँदा सानै उमेरदेखि ब्राम्हण-पुरोहितहरूको तर्फबाट रामायणको कथा सुनी 'श्रीलंका' राक्षसहरूको देश सम्झी राखेको हुँदा श्रीलंकाका मानिसहरू देख्ना साथ वहाँलाई पत्यार नलागी वहाँ आश्चर्य चकित हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

त्यसबेला कलकत्ताको कलेज स्ववायर स्थित 'महाबोधि सभाको' 'धर्मराजिक विहारमा' स्वयं गई अनागारिक धर्मपाललाई भेट्नुभयो । त्यसबेला धर्मपाल श्रीलंकाबाट विश्वमा बुद्धधर्मको प्रचार प्रसार गर्दै आउनुभएको थियो। वहाँ स्वयंबले पनि आफू श्रीलंकाका नागरिक भन्नेतापनि आफूमा द्वन्द्व भई नै रहेको थियो।

यस्तै वि.सं. १९७३ सालमा वहाँले ल्हासामा रहनुभएको बेला महाचीन पुगी 'महामञ्जुश्री' दर्शन गरेर आएका केही तिब्बती-हरूलाई भेट्नुभएको थियो । यस कुरामा वहाँलाई विश्वास नलागेकोले पछि स्वयं ती दुबै ठाउँ (श्रीलंका र महामञ्जुश्री) पुग्नुभईतथ्य कुरा थाहा पाउनु भएको थियो।

वहाँ गृहस्थकै बेलादेखि दृढ निश्चित गर्न सक्ने खालका व्यक्ति थिए। त्यसबेला वहाँको आफ्नो टोल असनमा दानप्रदानमा सरिक हुने सानुसाहू नामक एक व्यक्ति थिए जसले एकपटक उपत्य-काका सम्पूर्ण शाक्य वज्राचार्यहरूलाई ३/३ मोहर दान दिने गर्न लागको थियो । यस कुरालाई दशरत्न साहूले विरोध जनाई एउटा लामो पत्र लेखेका थिए जसमा वहाँले त्यस प्रकारको दानको सट्टा निःशुल्क पठन पाठनको साथै खानपिनको व्यवस्था हुने गरि एउटा "पाठशाला' खोलिदिने सल्लाह दिनुभएको थियो। त्यस सुझावलाई सहर्ष स्वीकार गरी धालासिक्वका सानुसाहूले विजयेश्वरी स्थानको पछाडि जग्गा समेत प्रवन्ध गरिसक्नुभएको थियो, तर यो कुरा ब्राम्हण पुरोहितहरूले थाहा पाई यसको उजूर श्री ३ चन्द्र शम्शेर (राज्यकाल सन् १९०१-१९२९) समक्ष पुऱ्याए। प्रधानमन्त्री चन्द्र-शम्शेरले सानुसाहूलाई बोलाउन पठाई ३/३ मोहर नै दान दिन विवश गराए ।

यस्तो दृढ एवंशक्ति सम्पन्न दशरत्न साहू वि.सँ. १९८७ साल देखि शुरू भएको 'आडम्बर मत पर्व' मा सामेल हुनुभयो। वहाँ



Downloaded from http://dhamma.digital

त्यसमा सामेल हुनुपरेको मूख्य कारण किन्डोल विहारमा 'अष्टमीव्रत' चलाउनको निमित्त मुष्ठीदान आदि चन्दा संकलन गर्न नेपालभाषाबाट एउटा पर्चा छापी वितरण गर्नुभयो, यसैको दण्डस्वरूप वहाँ सहित यस पर्वमा लागेका अन्य योगवीरसिंह कंसाकार, सिद्धिरत्न कंसाकार, माणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणारत्न तुलाधर, खड्ग-राज तुलाधर, मञ्जुहर्ष वज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्ताधर तुलाधर (हृदय) र लक्ष्मीनानी तुलाधर (पछि अनगारिका धर्मचारी) लाई मुद्दा हाली प्रधानमन्त्री भीम शम्शेर (शासनकाल सन् १९२९-३२) समक्ष २१ कार्तिक १९८८ का दिन पेश गरेको थियो। त्यसको एक सप्ताहपछि २८ कार्तिकको दिन सबैलाई बोलाई कागज गराई रिहाई गरिदिएको थियो। त्यसबेला दशरत्न साहूलाई ५०।– रुपैयाँ जरिवाना गरेको थियो।

वि.सं. १९८१ (सन् १९२४) सालदेखि दशरत्न साहू ल्हासा-बाट फर्कनुभई पुत्र गजरत्न (पछि भिक्षु अनिरूद्ध) सहित किन्डोल विहारमा रहँदै आउनु भएको थियो। त्यसबेला वहाँ दिनहुँ 'अष्ट सहस्त्रिका प्रज्ञापारमिता' पाठ गर्नुहुन्थ्यो।

केही वर्षपछि किन्डोल विहारमा पुजारीको काम गर्दै आउनु भएका ठिमीका एक गुभाजुको अतिसारको रोगले निधन हुन गयो। त्यस ठाउँमा वहाँले नमोबुद्ध (नमुरा) मा रहेका भक्तपुरका एक छ्येलु मञ्जुहर्षलाई बोलाई पुजारीको जिम्मा लगाइदिए।

तीनै मञ्जुहर्षका गुरू 'सेरापदोर्जे नामक एक लामा जो भूटान (डुक्पा) का थिए। भूटानीहरूले चन्दा संकलन गरि स्वयम्भू स्तूप जिर्णोद्धारको निमित्त वहाँलाई विशेष जिम्मा दिई काठमाडौं पठाएको थियो। वहाँले स्वयम्भू स्तूपको केही जीर्णोद्धार गरि काठमाडौंकै एक अन्य स्तूप बौद्ध (खास्ती) मा रहँदै आउनुभएको थियो। त्यसबेला



Downloaded from http://dhamma.digital

वहाँ काठमाडौं उपत्यकामा अष्टमी व्रत, न्यूनव्रत आदिको प्रचार प्रसार गर्दै आउनुभएको थियो। तसर्थ वहाँकै शिष्य मञ्जुहर्षले पनि किन्डोलविहारमा रही ती व्रतहरू चलाउँदै आएका थिए, जसमा दशरत्न साहूले पनि यथाशक्य योगदान दिंदै आउनु भएको थियो।

त्यसवेला भारतका एक विद्वान् संन्यासी स्वामी रामोदर (पछि राहुल सांकृत्यायन) श्रीलंकाबाट तिब्बत यात्रा गर्नको निमित्त शिवरात्रीको अवसर लिई नेपाल आगमन गर्नुभएको थियो। वहाँको विशेष लक्ष्य तिब्बतमा रहेका बुद्धधर्मका ग्रन्थहरू अध्ययन, मनन गरि त्यसलाई संस्कृत भाषामा एवं अन्य भाषाहरूमा अनुवाद गरी बुद्धधर्मको व्यापक प्रचार प्रसार गर्ने महान लक्ष्य थियो। अत: वहाँ तिब्बत जानको लागि एक सुयोग्य मित्रको खोजीमा थिए। यसैको सिलसिलामा वहाँ बौद्ध पुग्नुभएको थियो। बौद्धमा वहाँले त्यहीँ डुक्पा लामा [सेरापधोर्ज्ये] लाइ भेट्नुभयो र आफ्नो आशय पनि व्यक्त गर्नु भयो। डुक्पा लामाले पनि त्यसलाई सहर्ष स्वीकार गरी आफू सँगै तिब्बत जाने सल्लाह दिनुभयो। डुक्पा लामाज्यू कहाँभने अटूट रूपमा अष्टमीव्रत एवं न्यूनव्रतको निमन्त्रणा आइने रहयो।

साधु रामोदर ६ मार्च १९२९ [वि.सं. १९८५] को शिवरात्रीको दिनदेखि ३० मार्च सम्म बौद्धको एक घरमा अज्ञातवास रहनुभयो। वहाँ दिउँसो को समय बाहिर आउने त कुरै थिएन, रातमा पनि सिर्फ शौचालय जानको लागि मात्र बाहिर आउनुहुन्थ्यो।

यसको अतिरिक्त वहाँ सिर्फ दिनको एक पटक बेलुका भोटिया भेषमा 'बौद्ध चैत्य' परिक्रमा गर्न निस्कनुहुन्थ्यो, जसको निमित वहाँले बौद्धमा पुग्नुभएको दिनदेखि स्नान समेत गर्न छोडनुभएको थियो।

३१ मार्च १९२९ को दिन डुक्पा लामा सेरापदोर्ज्येलाई न्यूनव्रतका दाताहरुले किन्डोलविहारमा धर्मोपदेश गराउन निम्त्याएको



Downloaded from http://dhamma.digital

थियो, जस अनुसार वहाँका साथ साधु रामोदर पनि त्यौड तँलाछीका धर्ममान साहू [वि.सं. १९१८–१९९४] कहाँ २ दिन रहनुभई वहाँ ३ अप्रिल १९२९ को दिन किन्डोल बिहार पुग्नुभयो । त्यसैबेला वहाँको सम्पर्क बिहारका प्रवन्धक दशरत्न साहूसित हुन गएको थियो ।

किन्डोल विहारमा निकै मानिसहरूको आवत जावत हुन गएको कारण साधु रामोदरलाई भय उत्पन्न हुन थाल्यो । अतः वहाँले दशरत्न साहूलाई बोलाई कतै एकान्त ठाउँमा रहनुपर्ने कुरा महसूस गरायो । दशरत्न साहूले पनि बुद्ध धर्मको निमित्त महान् लक्ष्य लिएर आउनुभएका साधु रामोदरलाई खेतको बीचमा रहेको एक एकान्त घरमा रहने व्यवस्था गर्नुभयो । बाहिर सदा ताला वन्द देखिन्थ्यो, दिनको सिर्फ २ पटक बिहान र बेलुका दशरत्न साहूका सुपुत्र गजरत्न तुलाधर खाना पुऱ्याउन जानुहुन्थ्यो ।

यसरी कठिन रूपमा किन्डोलमा पनि केही दिन अज्ञातवास बितिसक्दा पनि सेरापदोर्जे लामा तिब्बत जाने तरखरमा लागेको थिएन । अतः साधु रामोदर दिक्दार हुनुभयो । वहाँको मर्मलाई बुझी दशरत्न साहूले सेरापदोर्जे लामा हेलम्बू (यल्मो) को बाटो गरी तिब्बत जाने कुरा थाहा पाइसकेपछि स्वयंले घोडाजात्रा (८ अप्रिल १९२९) का दिन साधु रामोदरलाई साथ लिई वहाँलाई भय–त्रास नहुने गरी हेलम्बूसम्म छोडेर आउनुभएको थियो ।

साधु रामोदरलाई हेलम्बू छोडेर आउनु भएको केही महिनापछि पुत्र गजरत्नलाई साथलिई दशरत्न व्यापारको सिलासिलामा कलकत्ता पुग्नुभयो । गजरत्नलाई उसको मामा महाधर साहूकहाँ छोडी अन्य २ जना साथी लिई दशरत्न आसामको 'देवालगिरी गोदाम' भन्ने स्थानमा व्यापारको निमित्त जानुभयो ।

साधु रामोदर किन्डोलमा अज्ञातवास रहनुभएको बेला खाना पुऱ्याउन आउने गजरत्नलाई श्रीलंकामा गई अध्ययन गर्न गए बेश हुने



Downloaded from http://dhamma.digital

कुरामात्र जनाएको थिएन, त्यहाँ पुग्नको निमित्त के कस्तो गर्नु पर्ने हो सबै कुरा साधु रामोदरले गजरत्नलाई अवगत गराईराखेका थिए। यस कुरा दशरत्नलाई केही थाहा नभएको रहेछ। अतः गजरत्न पिताका साथ कलकत्ता पुगेदेखि श्रीलंका जाने धूनमा थिए। तसर्थ वहाँले पिता आसाम गई सकेको कारण मामा महाधर साहूलाई श्रीलंका पठाउन ढिपी गरिराखेका थिए, तर मामाले पिताको अनुमति विना पठाउन नसक्ने कुरा जनाएपछि खाना पिना छोड्नु, जहाँ तहीँ जानु, रूवावासी गर्नु आदि शस्त्र प्रयोग गर्नुभएको थियो। तब महाधर साहूले दशरत्नलाई पत्र पठाउनुभयो र दशरत्न पनि पत्र पुगेको भोलि-पल्टै कलकत्ता आउनुभयो। छोरोको दशा एवं जिद्दीलाई मनन गरी अध्ययन गर्ने चाहना राखेका व्यक्तिलाई स्वतन्त्र छोडिदिने अनुमति दियो। त्यस लाई चाहिने खर्च–वर्च सबै दिएर पठाउने आदेश मामा-चाहिँलाई दिई दशरत्न साहू पुनः आसाम फर्कनुभयो।

गजरत्न पनि केही महिनापछि श्रीलंकाकै शरणंकर नामक भिक्षुको आश्रय लिई वहाँको विहार(श्रीलंका)मा पुग्नुभयो। वहाँसित त्यहाँ केही महिना रहनु भई सिंहलभाषा अध्ययन गर्दै रहँदा भदन्त आनन्द कौश-ल्यायन (सन् १९०५–८८) संयोगवश त्यसै विहारमा पुग्नुभएको थियो। सिंहली जस्तो नदेखिएका गजरत्नलाई देख्नासाथ आनन्द कौशल्यायनले वहाँको बारेमा सोध्नु भयो। रामोदर साधुले लक्षित गरि राखेका बालक गजरत्न शरणंकरको आश्रयमा पुगिराखेको देखि ताजुव मानी गजरत्न-लाई तत्कालै विद्यालंकार परिबेणमा लानुभएको थियो। त्यही विद्या-लंकार परिबेणका प्रधानाचार्य लु. धर्मानन्द महास्थविर (सन्-१८६९–१९४५) को आचार्यत्वमा सन् १९३० को शुरूमा गजरत्न "श्रामणेर अनिरूद्ध" हुनुभएको थियो।

यसको खबरको साथै श्रामणेर भेशको एउटा फोटो राखी श्रामणेर अनिरूद्धले नेपाल पुगि सक्नु भएका पिता दशरत्नलाई पत्र



Downloaded from http://dhamma.digital

पठाउनु भएको थियो। श्रामणेर अनिरूद्धले आफ्नो भाइ त्रिरत्नलाई पनि आफ्नै बाटोमा लगाउनु वेस होला भन्ने ठानी पितालाई बरोबर पत्र लेख्दै रहनु भएको थियो। अत: पिता दशरत्नले पनि त्यो कुरा ठिक सम्झी श्रीलंका जाने निश्चय गर्नुभयो। वहाँ आफ्नो छोरालाई लिई श्रीलंका जाने कुरा हस्तिरत्न विचारी नामक व्यक्तिले थाहा पाई 'मोहनरत्न' भन्ने एक टुहुरा बालकलाई पनि श्रीलंका लगी विद्याध्ययन गराउने सल्लाह दिनुभयो। दशरत्नले आफ्नो छोराका साथै मोहनरत्न (पछि भिक्षु महानाम) लाई साथ लिई वि. सं. १९८६ सालमा श्रीलंका पुग्नुभएको थियो।

श्रीलंकामा एक महिना बिताई घुमफिर गर्दा पनि वहाँले रामायणको कथामा आएका विभीषण र रावणको दरवार कहीं भेट्टाउनु भएन। वरू वहाँले अशोक महाराजका सुपुत्र महेन्द्र महास्थविर सर्वप्रथम श्रीलंका पुग्नुभएको ऐतिहासिक स्थल, अनेकौ ऐतिहासिक बुद्धमूर्तिहरू, तथागत सम्यकसम्बुद्धका दण्डधातु मन्दिर *(The Temple of the Tooth, Kandy)* र सम्राट अशोकको सुपुत्री भिक्षुणी संघमित्राले श्रीलंकामा लगेको बोधिवृक्ष जुन अहिले सम्म पनि बडो सम्मानको रूपमा पूजनीय वृक्षको रूपमा रहेको छ लाई दर्शन गरेर फर्कनुभएको थियो।

वहाँ फर्कन लागेको बेला नेपालमा दुर्लभ चीज हुनाको कारण अष्ट-परिष्कार एकजोर विद्यालंकार परिवेणका नायकपाद लु. धम्मानन्द महास्थविर (सन् १८६९–१९४५) सँग मागो नेपाल ल्याउनु भएको थियो, जुन अष्ट-परिष्कारलाई भिक्षुको प्रतीकको रूपमा राखी दशरत्न साहूले अष्टमी-व्रत चलाउँदै आए। वहाँको यस पुण्यकार्यमा श्रद्धालुहरू बढ्दै गएको कारण असह्य भई सप्तरत्न उदास (तुलाधर) नामक एक व्यक्तिले किन्डोलविहारमा 'आडम्बर मत' चलायो भनी उजुर गर्न गए। त्यसले दशरत्न



Downloaded from http://dhamma.digital

तुलाधरलाई मात्र पोल गरेको थिएन, अन्य (जाँड रक्सी नखाने, मासु नखाने, ब्राह्मणलाई नढोक्ने प्रगतिशील विचारधारा भएका १०, ११ जवान व्यक्तिहरूको नाम पेश गरिदिएको थियो। अतः ती सम्पूर्ण व्यक्तिहरूलाई घरपकड गरी विभिन्न सजाँय दिइएको थियो। दशरत्न साहूलाई पनि नेपाल भाषाबाट पर्चा छापी वितरण गरेको कारण रू ५०।– जरिवाना गरेको थियो।

यसरी धर्म-कार्य गरेर पनि विरोध आएको कारण वहाँले नेपालमा रहन चाहनुभएन। अतः वहाँ अन्य केही धर्मबन्धुहरूका साथ भारतमा भ्रमण गर्न जानुभयो। वहाँहरू कुशीनगर पुगी गुरुवर ऊ. चन्द्रमणि महास्थबिर (सन् १८७६–१९७२) को तर्फबाट केही परिचय पत्रहरू लिई बर्माका विभिन्न ठाउँहरूमा भ्रमण गर्नुभयो। बर्माको अक्याव र रंगून आदि ठाउँमा पुगी नेपाली भिक्षु महाप्रज्ञा र शासन ज्योतिलाई पनि भेट्नु भएको थियो। वहाँहरूकै दाता एमाउँको घरमा केही दिन अतिथिको रूपमा रहनुभएको थियो।

यसरी बर्मामा २,३ महिना बिताउनु भई दशरत्न कलकत्ता फर्कनुभयो र कलकत्ताबाट सीधा कुशीनगर आउनु भयो। कुशीनगरमा रहँदा एक्कासी वहाँको मनमा विरक्तिभाव उब्जन थाल्यो, कारण वहाँको साथ अब कोही रहेन। दुइटै छोराहरू श्रीलंकामा भइ हाले। उनीहरूको आमा दिव्यलक्ष्मी तुलाधरको पहिले नै निधन भइसकेको थियो। फेरि आफू व्यापारमा लागेको बेला साहु महाजन हरूले गरेका छलकपट र दुर्व्यवहार आदि सम्झना आउन थाल्यो। सम्पत्तिको कारण अनेक भय, माया, ममतामा समेत धक्का पर्न आउने कुराहरू वहाँलाई याद आउन थाल्यो। यसको साथै नेपालमा बुद्ध धर्म प्रचारार्थ सके भिक्षुहरुद्वारा नै गर्ने उच्च अभिलाषा राख्नु भयो। अतः वहाँले चन्द्रमणि महास्थविर समक्ष प्रव्रजित हुन आग्रह गर्नु भयो। ऊ. चन्द्रमणि महास्थविर पनि प्रसन्न भई वहाँलाई बुद्ध



Downloaded from http://dhamma.digital

शासनको बारेमा सम्राट अशोकको देनबारेका केही घटनाहरू सुनाउनु भयो। दशरत्न उपासकले पनि आफू पहिले ल्हासामा रहनु भएको बेला नेपालमा गुरू छेरिन्नोर्बु लगायत नेपालका अन्य ५ जना महायानी घ्येलु भिक्षुहरूलाई देश निर्वासन गरेको कुरा सुनिराखेको भएतापनि दृढताका साथ यस्तो विचार गर्नुभएको थियो कि यदि आफू भिक्षुरूपमा नेपालमा जानेबेलामा त्यस्तै निष्काशन गरेमा केही अफशोच नहुने कुरा महसुस गर्नुभयो। वहाँको दृढता थियो कि यदि देशबाट निष्काशन नै गरेपनि मानिसहरू नभएको ठाउँमा गर्ने त पक्कै होइन होला, जहाँसम्म पृथ्वी रहन्छ, त्यहाँसम्म कोही पनि भूखा रहने त कुरै छैन।

यस्तो दृढ प्रतिज्ञा लिई वहाँ वि. सं. १९८९ को मध्यमा ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई 'श्रामणेर धर्मालोक' हुनुभयो।

वहाँ श्रामणेर हुनुभएपछि पुनः एकपटक गुरू चन्द्रमणि महास्थविरका साथ बर्माको भ्रमणमा जानुभयो। यसपटक श्रामणेर धर्मालोकले बर्मामा धेरै अनुभवहरू बटुल्नुभयो। रंगून स्थित 'जेतवन च्याउँ नामक विहारका प्रमुख महास्थविरसित जेलखाना एवं पागलखानामा रहेका बन्दीहरूलाई समेत शीलप्रदान एवं धर्मोपदेश दिने व्यवस्थालाई पनि हेर्न जानुभएको थियो।

'जेतवन च्याउँ' विहारमा केही दिन रहनुभएपछि निमन्त्रणानुसार वहाँहरू गतः शताब्दीका प्रथम उत्तर भारतीय भिक्षु महावीर महास्थविर (सन् १८३३-१९१९) का एक प्रमुख दायक खेजारी बावूका सुपुत्रीले दिनुभएको भोजनको निमन्त्रणा रंगूनमा रहेसम्म स्वीकार गर्नुभएको थियो। रंगूनबाट वहाँहरू माण्डले, पेगू, मोलीमन र अक्याब आदि ठाउँमा गरी एक वर्ष जति बिताउनुभएपछि कुशीनगर फर्कनुभयो।



Downloaded from http://dhamma.digital

कुशीनगरमा केही महिना रहनुभएपछि धम्मालोक श्रामणेर नेपाल आउनुभयो, तर वहाँलाई अमलेखगंजदेखिनै सरकारी अफिसरहरूले दुःख दिन थाले। वस्त्रको अपरिचितताको कारण वहाँलाई राहदानी नदिने कुरा उठायो। सँगै मोटरमा आएका यात्रुहरूले एवं ड्राइवरले साथ दिएपछि मात्र बल्ल राहदानी लेखिदियो। यस्तो स्थिति भीमफेदीमा पनि हुन आयो। बल्ल वहाँ दुई दिनपछि दिउँसो २ बजे तिर किन्डोलविहार पुग्नुभएको थियो।

किन्डोलविहार पुगेको २ घण्टा बित्न नपाउँदै एक जना पुलिस बडोमिजाशका साथ कुराकानी गर्न आए। थकाइले चूर भइसकेका वहाँ बेलुका तुरुन्तै निदाउनु भएको थियो। रातको ९ बजेतिर दुई जना पुलिस आई 'तिमीलाई थानामा बोलाएको छ' भनी साथमा लगे।

थानामा रात बिताइसकेपछि भोलिपल्ट मेजर चन्द्रबहादुरसमक्ष हाजिर गराइयो। ठूलठूला आँखा गरी मेजर चन्द्रबहादुर गर्जे– "किन यस्तो शिर मुण्डन गरी यस्तो वस्त्र लगाएर आएको ?"

श्रामणेर धर्मालोकले स्पष्ट जवाफ दिनुभयो–

"म सिर्फ आफ्नो भविष्य सुधार गर्न यस्तो वस्त्र एवं शिरमुण्डन गरेर आएको हूँ।'

मेजर चन्द्रबहादुर सन्तोष भएन र जाग्यो–

"नेपालमा यस्तो वस्त्र लाएर रहन पाउँदैन, बिना महाराज (प्रधानमंत्री जुद्धशम्शेर) कहाँ जाहेर गरी तँलाई छोडदिन।"

श्रामणेर धर्मालोकले पनि जवाफ दिए– "जहाँ हाजिर गराउनुपर्ने हो गराऊ म तयार छु।"

वहाँलाई एक दुई दिन भन्दै बल्ल छैठौं दिनमा प्रधानमन्त्री जुद्धशम्शेर (शासनकाल सन् १९३२-१९४५) समक्ष हाजिर गराइएको



Downloaded from http://dhamma.digital

थियो । त्यस अवधिभित्रमा दरबारिया षड्यन्त्रकारीहरूले वहाँको विरुद्ध अनेकौं भए नभएका कुराहरू केही महिना अगाडि देखि मात्र प्रधानमन्त्री हुनु भएका जुद्धशम्शेरसमक्ष विन्ति गरिराखेका थिए । अतः श्रामणेर धम्मालोकलाई देख्नासाथै जुद्धशम्शेरले केही क्रुद्धभावले सोध्यो–

"क्या हो । तिम्रो धर्म त नास्तिक भन्छ नि, राजद्रोहको कुरा फैलाउँछ भन्छ नि ।"

यसको प्रत्युत्तरमा श्रामणेर धर्मालोकले शान्त एवं दृढताका साथ दिनुभयो–

"होइन महाराज । हाम्रो धर्म त चोरी नगर्ने, झूठो नबोल्ने, जाँड–रक्सी नखाने, रण्डीवाजी नगर्ने, हिंसा नगर्ने आदि पञ्चशीलमा आधारित धर्म हो । राजकाजसित हाम्रो कुनै द्रोह छैन ।"

यस्तो प्रत्युत्तर पाई जुद्धशम्शेरले चुकलीवाजहरूलाई लक्षित गरेर भन्नु भयो– 'त्यो भिक्षु साधु भयो त मेरो राज्यमा के हानी छ ।"

तव पनि ब्राम्हणबादी ती षड्यन्त्रकारीहरूले जुद्धशम्शेरसमक्ष अन्य कुराहरूको दोष देखाई सुनाउन थाल्यो ।

श्री ३ जुद्धशम्शेरलाई त्यहाँको वास्तविकता थाहा पायो । अतः वहाँले ती ब्राम्हणवादीहरूलाई हेरी क्रुद्ध भई भन्नु भयो– "जाओ ! तिमीहरू पनि साधु हुने इच्छा छ भने जाओ मलाई केही पनि हानी हुनेछैन ।"

यसपछि मात्र ती ब्राम्हणवादी सुब्बा एवं षड्यन्त्रकारीहरूले केही बोल्न सकेनन् ।

श्रामणेर धर्मालोक पनि विना रोकतोकका साथ किन्डोल विहार फर्कनुभयो ।



Downloaded from http://dhamma.digital

यस घटनाको उल्लेख भिक्षु राहुल सांकृत्यायनले १७ जनवरी १९३२ का दिन भदन्त आनन्द कौशल्यायनलाई लेख्नु भएको पत्रमा उल्लिखित छ। पत्रांश यस प्रकार छ–

धम्मालोक सामणेर नेपाल (काठमांडू) पहुँच गये। वहाँ पहिले पकडकर उन्हे ४ दिन जेलमे रक्खा, पीछे पूछा पाछा। महाराज ने कहा छोड दो, अपने धर्मका सन्यासी हो गया तो क्या हुआ। इस प्रकार बाप ने बेटो (भिक्षु अनिरुद्ध आदि) का रास्ता भी साफ कर दिया। आज कई महीने बाद बाप की ऐसी चिठ्ठी पर अनिरुद्ध तो बहुत खुश थे।'

यस घटनापछि केही दिन भिक्षाटनको अनुभव प्राप्त गरी वहाँ केही महिना किन्डोलविहारमा रहनुभयो। त्यसै वर्ष (वि.सं. १९९०) को हिउँदे पौष महिनामा सदाकाल जस्तै भारत भ्रमणमा जानुभयो। यसै अन्तर्गत वहाँ कुशीनगरमा रहनुभएको वेला सारनाथमा नयाँ बनिएको सीमा भवन तयार भएको थियो, जसको प्रतिस्थाको निमित ऊ. चन्द्रमणि महास्थविरलाई पनि निमन्त्रणा आएको थियो। वहाँको साथै श्रामणेर धम्मालोक पनि सीमा भवनको प्रतिष्ठा कार्य हेर्न जानुभएको थियो।

सीमा गृह प्रतिस्था भएकै दिन (सन् १९३४ को शुरूमा) गुरूवर ऊ. चन्द्रमणि महास्थविर र सीमा भवन बनाउन आएका बर्मी दाताहरूका बीचमा केही कुराकानी भयो। त्यसै कुराकानी अन्तर्गत आधुनिक युगमा सर्वप्रथम सारनाथमा बनिएको यस सीमागृहमा उपसम्पदाकार्य पनि शुरूवात गर्ने कुरा चल्यो, जसअनुसार श्रामणेर धम्मालोकलाई उपसम्पन्न गराउने कुरा उठायो, जसको निमित्त एक दाता पनि तयार हुन आयो। यसको निर्णय श्रामणेर धम्मालोकलाई राती नै जानकारी दिइयो। गुरूवर ऊ. चन्द्रमणि महास्थविरले नै



Downloaded from http://dhamma.digital

निर्णय दिनुभएको कारण श्रामणेर धर्मालोकले विना रोकतोक स्वीकार गर्नुभयो। यसरी श्रामणेर धर्मालोक सन् १९३४ को शुरू जनवरी फरवरी तिर 'भिक्षु धर्मालोक' हुनुभयो।

उपसम्पन्न भएको एक डेढ महिनापछि वहाँ पहिले देखिको इच्छा अनुरूप महाचीनमा गई महामञ्जुश्री दर्शन गर्न जाने उत्कृष्ठ इच्छा लिई तिब्बतको बाटो गरी जान कालिम्पोङ्ग प्रस्थान गर्नुभयो। त्यसैबेला (मार्च १९३४ ई.) भिक्षु राहुल सांकृत्यायन पनि आफ्नो पहिलो तिब्बत यात्रा (सन् १९२९-३०) को अधूरो काम (ग्रन्थको खोजी) पूरा गर्न तिब्बत जानको निमित कालिम्पोङ्ग आइपुग्नुभएको थियो। त्यस्तै नेपालका एक साहित्यकार एवं बौद्ध विद्वान धर्मरत्न 'यमि' (वि.सं. १९७२-२०३२) त्यसवेला व्यापारको सिलसिलामा तिब्वत जान कलकत्ताबाट कालिम्पोङ्ग आइपुग्नु भएको थियो।

यसरी भिक्षु राहुल सांकृत्यायन, भिक्षु धर्मालोक, धर्मरत्न 'यमि' र राहुलजीका सेक्रेटरीको रूपमा आउनुभएका राजनाथ पाण्डे नामक एक युवा गरी जम्मा ४ जना तिब्वतको निमित प्रस्थान गर्नुभयो। झण्डै एक महिना सम्मको लामो यात्रामा भिक्षु राहुल सांकृत्यायन र भिक्षु धर्मालोक (अलि पुराना विचारका) को वीच धर्म सम्वन्धी हुने वाद विवाद सुन्दै जान पाएको कारण धर्मरत्न 'यमि' र राजनाथ पाण्डेलाई यात्राको कठिनाइको आभासै भएन।

यसै यात्राकालमा भिक्षु राहुल सांकृत्यायनले पालिविनय पिटकलाई हिन्दीमा अनुवाद २७ अप्रिल १९३४ देखि शुरू गर्नुभई १७ जून १९३४ सम्ममा २७ दिन भित्र पूरा गर्नुभएको थियो। जसको विवरण वहाँले यस प्रकार दिनुभएको छ–

| महिना | तारिख | दिन | स्थानको नाम |
|---|---|---|---|
| अप्रिल | २७ | १ दिन | पद्-मो-गङ |



Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| मई | २–४ | ३ दिन | फारी |
| ,, | १२ | १ दिन | ग्यांची |
| ,, | २१-२५ | ५ दिन | ल्हासा |
| ,, | २९-३१ | ३ दिन | ,, |
| जून | १,२ | २ दिन | ,, |
| ,, | ४–६ | ३ दिन | ,, |
| ,, | ८,९ | २ दिन | ,, |
| ,, | ११-१७ | ७ दिन | ,, |
| | | २७ दिन | |

भिक्षु राहुल सांकृत्यायनले ६,७ महिना भित्रनै आफ्नो प्राचीन ग्रन्थहरू पत्ता लगाउने कार्य सिध्याउनुभएको थियो । अतः वहाँले भिक्षु धर्मालोकलाई नेपाल फर्कने कुरा उठाउनुभयो । तर भिक्षु धर्मालोकले आफू महाचीन गई 'पञ्चशीर्ष पर्वत' मा महामञ्जुश्रीको दर्शन गरेर मात्र आउने अठोट सुनाउनुभयो ।

भिक्षु धर्मालोक नफर्कने निश्चय भएपछि भिक्षु राहुल सांकृत्यायन तिब्बती विद्वान् मित्र गेशे धर्मवर्द्धनका साथ १७ नवेम्वर १९३४ का दिन काठमाडौं आइपुग्नुभएको थियो । वहाँहरू ८ सितम्बर १९३४ का दिन ल्हासा शहर छोडेर आउनुभएको थियो । ल्हासाबाट साक्यामा आई १७ दिन रहनुभई वहाँहरू नेपालतर्फ आउनुभयो । १० नवेम्वर १९३४ का दिन तिब्बती सीमा पार गरी नेपालको सीमानामा पुगेका वहाँहरू जलवीरा, चौंतारा, देवपुर हुँदै सांखू पुग्नुभएको थियो । १६ नवेम्बरका दिन बौद्ध (खास्ती) मा एक रात बिताई १७ नवेम्बरका दिन काठमाडौं शहर पुग्नुभएको थियो ।

उता, भिक्षु धर्मालोक महिनौं ल्हासामा रहेर पनि महाचीन जाने प्रबन्ध मिलाउन नसकेपछि कालिम्पोङ्गमै फर्कनुभएको थियो ।



Downloaded from http://dhamma.digital

संयोगवश कालिम्पोङ्ग पुग्नुभएको १०/१२ दिन पछि १३–१४ जवान मंगोलियनहरू ल्हासाको ब्यापार गरी पेकिङ्ग फर्कन लागेको एक दल कालिम्पोङ्ग आइपुगेको खबर वहाँले थाहापाउनुभयो। अतः वहाँ तिनीहरूलाई भेट्न जानुभयो। तिनीहरूले पनि ४ दिन पछि जाने कुरा सुनाए ४ दिन पछि ती मंगोलियनहरूका साथ भिक्षु धर्मालोक महाचीन जानको निमित २ मंसिर वि.सं. १९९२ का दिन कलकत्ता पुग्नुभयो।

कलकत्तामा ४ दिन भित्र डाक्टरी सर्टिफिकेट एवं चीनी भीसा (*Visa*) लिई हङकङसम्मको टिकट लिनुभएको थियो। टिकट भाडा जम्मा भा.रु. ४४।– थियो, खानाको लागि पनि भा.रु. ७३।– बुझाउनुभएको थियो। यसरी आवश्यक सामान जोरजाम समेत संपूर्ण काम सिध्याई पाँचौ दिनमा वहाँ मंगोलियनहरूका साथ जहाजमा चढ्न जानुभएको थियो।

एक रात जहाजमा [कलकत्ता वन्दर्गाहमै] बिताईसकेपछि मात्र दोश्रो दिन जहाज चलेको थियो। त्यस जहाज समुद्रको किनारैकिनार हुँदै रामेश्वरम् पुगेपछि मात्र पूर्वतर्फ मोडेर गएको थियो। कलकत्ताबाट प्रस्थान भएको ४ दिनपछि वहाँ रहनुभएको जहाज पेनाङ्ग (*Penang*) पुगेको थियो। पेनाङ्गबाट पुनः जहाज चलेको ४,५ दिनपछि सिंगापुर (*Singapore*) पुग्नुभयो। सिंगापुरमा पनि डेढ दिन जति माल सामान ओसार पसारको निमित मुकाम हुन गएको कारण सिंगापुर शहरको दृश्यावलोकन गर्न पाइएको थियो।

सिंगापुरबाट चलेको जहाज १२ दिनपछि मात्र हङ्कङ (*Hong-Kong*)पुगेको थियो। भिक्षु धर्मालोक विना सामुद्रिक रोग सकुशलताका साथ हङकङ पुग्नुभएको थियो।

हङकङबाट पुनः स्यांहे, संघाई, पेकिङ्ग हुँदै भिक्षु धर्मालोक रिपुच्वेङा [पञ्चशीर्ष पर्वत] पुग्नुभएको थियो। त्यहाँ पुग्नासाथ



Downloaded from http://dhamma.digital

आफूले ठेगाना लिएर आएको गुम्बामा गई त्यहाँको प्रमुख लामालाई भेट्नु भयो, जसको पत्र एउटा पनि ल्हासाबाट लिएर आउनुभएको थियो।

त्यस लामाज्यूले वहाँको लागि विशेष प्रबन्ध गरि दिनुभयो। ती लामाज्यूकहाँ ४ दिन रहनुभएपछि एक जना मार्गदर्शक साथ लिई त्यहाँका विभिन्न गुम्बा एवं अनेकौं दर्शनीय स्थलहरू अवलोकन गर्न जानुभयो ।

सबभन्दा पहिले वहाँ 'महामञ्जुश्री' रहेको गुम्बामा जानुभयो। यत्र तत्र सबै ठाउँमा हेरि सकेपछि 'महामञ्जुश्री गुरू कहाँ रहेको छ ?' भनी सोधेको प्रश्नको जवाफ त्याहाँको लामाज्यूहरूले देखाउनु भयो–

जहाँ एउटा ठूलो कमलको फूल, जसको चार वटा पातहरू (डेढ दुई फूट जतिको) चारैदिशामा अवस्थित। प्रत्येकमा एक एक बुद्ध मूर्ति अवस्थित। बीचमा अन्य एक बुद्ध मूर्ति रहेको छ।

यसरी पञ्चबुद्ध (अक्षोभ्य, रत्नसंभव, अमिताभ, अमोघसिद्धि र बीचमा वैरोचन) लाई नै पाँच ,ज्ञानमूर्तिको प्रतीकको रूपमा वा तथागत शाक्यमुनिको दैनिक पाँच चर्याको प्रतीकको रूपमा देखाइराखेको महामञ्जुश्री रूपी कमलको फूललाई देखनुभयो।

त्यहाँको मंजुश्रीको मूर्ति देखेपछि वहाँलाई नेपालको पौराणिक इतिहास सबै झूठ जस्तो सावित हुन आयो। रामायणको कथा प्रति पनि श्रीलंका गएर आएदेखि विश्वासै लागेन ।

पछि वहां त्यही प्रतीकको रूपमा बनाइराखेको महामञ्जुश्री-लाई वन्दनादि गरी धूप बत्ति बाली 'खाता' चढाई सकेपछि अन्य दर्शनीय स्थलहरू अवलोकन गरी आफू रहेको गुम्बामा फर्कनुभएको थियो ।



Downloaded from http://dhamma.digital

भिक्षु धर्मालोक 'पञ्चशीर्षपर्वत' मा ५ महिना रहनुभएको थियो। त्यस अवधिभित्र वहाँले पञ्चबुद्धको पाँच लाख तथा महामञ्जुश्रीको एक लाख धारणी पनि पाठ गर्नुभएको थियो। यसको अतिरिक्त अपरिमिता धारणी एक लाख पनि पाठ गर्नु भएको थियो। यसै अवधिभित्र वहाँले 'अनुत्तार विजय' र 'गुरू मण्डलया भावार्थ सहित' नामक दुइवटा किताबहरू संस्कृतबाट नेपालभाषामा अनुवाद गर्नुभएको थियो।

पञ्चशीर्ष पर्वतबाट पेकिङ्ग फर्कनुभई वहाँले वि.सं. १९९३ सालको वर्षाबास पेकिङ्गमै बिताउनुभयो। पेकिङ्गमा पनि ५ महिना बिताउनुभई भिक्षु धर्मालोक थ्यांकिन, नानकिंग हुँदै स्यांहेमा आउनुभयो। स्यांहेबाट पुनः वहाँ एक मार्गदर्शकका साथ चीनको महान्तीर्थको रूपमा रहेको च्यूह्लास्वां, वमिस्वां र फूथोस्वांमा पनि जानुभएको थियो।

ती तीर्थस्थानहरू घुम फिर गरिसकेपछि वहाँ जहाजबाट नानकिंग फर्कनु भयो। नानकिंगबाट पुनः वहाँ स्यांहेमा आउनुभई त्यहाँ ५,६ दिन रहनुभयो। स्यांहेबाट आएको छैठौं दिनमा वहाँ रहनुभएको जहाज हङकङ पुग्न आयो। हङकङमा एक दिन मुकाम भई दोश्रो दिनको बिहानै जहाज स्टार्ट भयो र सातौं दिनमा सिंगापुर पुग्नुभयो। त्यहाँबाट पुनः ६ दिनपछि पेनाङ्ग पुगी १० सौं दिनमा 'गंगासागर' आई पुग्नु भयो। गंगासागरबाट दिनको २–३ बजेतिर कलकत्ता पुग्नुभयो।

कलकत्ताको रामजीदास जेतियालेन (वडा बाजार) स्थित भाजुरत्न साहु (वि.सं. १९४०–२०१३) को कोठी (घर) मा एक हप्ता रहनुभई वहाँ वि.सं.१९९४ सालको वैशाख पूर्णिमा (बु.सं. २४८१) अगाडि किन्डोल विहार आइपुग्नुभयो।



Downloaded from http://dhamma.digital

वैशाख पूर्णिमाको दिन किन्डोल विहारमा वहाँले महाचीनबाट ल्याइएको बुद्ध जीवनी सम्बन्धित सम्पूर्ण तसवीरहरू प्रदर्शन गर्नुभएको थियो, जुन प्रदर्शनी प्रायः जसो उपत्यकाका सम्पूर्ण बौद्ध धर्मालम्बी-हरूले हेर्न आएका थिए।

भिक्षु धर्मालोक महाचीनबाट फर्कनुभएदेखि विशेषतः पुस्तक प्रकाशन कार्यमा जोड दिनुभयो। वहाँले आफू पञ्चशीर्ष पर्वतमा रह-नुभएको बेला अनुवाद गर्नुभएको "अनुत्तर विजय" 'गुरुमण्डलया भावार्थ सहित', आफू श्रामणेरको बेला ऊ. चन्द्रमणि महास्थविरसित ६ महिना जति साथ रहनुभएको बेला महापण्डित राहुल सांकृत्यायनद्वारा लिखित 'बुद्धचर्य्या' ग्रन्थको आधारमा 'बुद्ध गुण' नामक एक पुस्तिका पनि लेखिराखेको थियो। यस्तै वहाँले राहुल सांकृत्यायनकै अनुवादित ग्रन्थ 'दीघ निकाय' र 'मज्झिम निकाय' को आधारमा केही सूत्रहरूपनि नेपाल भाषामा अनुवाद गर्नुभएको थियो, जुन 'प्रज्ञा दरसन' को रूपमा प्रथम भाग र द्वितीय भाग गरी बु.सं. २४८४ [वि.सं. १९९७] मा प्रका-शित गर्नुभएको थियो साथै वहाँले आफ्नो मौलिक किताबहरूको रुपमा 'लोकय् कुचाल कुव्यवहार सुधार', 'ईश्वर म्हसीकि' आदि किताबहरू पनि ३–४ सालको अवधिमा नै प्रकाशित गर्नुभएको थियो। यसै अव-धिभित्र वहाँले भिक्षु प्रज्ञानन्द (हाल संघनायक) ज्यूले तयार गरि-राखेको 'परित्राण' किताव पनि बु.सं २४८४ मा प्रकाशित गर्नुभएको थियो।

यी सम्पूर्ण किताबहरू वहाँले बनारसमा छपाउनु भएको थियो। त्यसभन्दा अगाडिसम्म वहाँले प्रेस सम्बन्धी कुनै कार्य गरेको थिएन। तापनि जानि–नजानिकन नै प्रेस सम्बन्धी कार्य गर्नुभएको थियो– तसर्थ वहाँलाई शुरू–शुरूमा अति नै कठिन हुन गएको थियो। शुरूमा त बनारसमा कुनै प्रेसले पनि नेपाल–भाषामा लेखिएका ती



Downloaded from http://dhamma.digital

किताबहरू प्रकाशन गर्न मन्जुर गरेको थिएन, बल्ल एउटा ठूलो प्रेसको रूपमा रहेको "इण्डियन प्रेस"ले स्वीकार गऱ्यो तर पनि आफूले नजानेको भाषा हुनाको कारण कम्पोज गर्नेहरू कम दिक्क मानेको थिएनन् । वहाँले तिनीहरूलाई सम्झाई, बुझाई ती किताबहरू प्रकाशन गर्दै लानु भएको थियो । त्यसबेला वहाँमा आलस्य भन्ने नै थिएन, सारनाथबाट दिनहूँ पैदल बनारस आई प्रुफ हेर्ने काम पूरा गर्नुहुन्थ्यो ।

शुरूमा वहाँले प्रकाशित गर्नुभएको किताब २,३सयमात्र लिई, बाँकि सबै कुशीनगरमै छोडी, काठमाडौं आउनुभएको थियो । किन्डोलविहार पुगेको केही दिनमै सम्पूर्ण किताबहरू बिक्री भएको कारण किताव किन्न नपाएकाहरू असन्तोष भए । ती पुस्तक नपाएका व्यक्तिहरूमा काठमाडौंका एक किसान उपासक हारां (पछि भिक्षु महापन्थ) पनि थिए । अत: वहाँले भिक्षु धर्मालोकले कुशीनगरमा छोडेर आउनु भएको किताव, अन्य एक साथी साथ लिई भिक्षु धम्मालोकको आदेशानुसार कुशीनगरसम्म जानुभई वहाँहरूले सकेजति किताव बोकेर ल्याएका थिए ।

यसरी ३,४ सालसम्म लेखन तथा प्रकाशन सम्बन्धी कार्य अटूट रुपमा गर्दै रहेको लाई त्यस्तै लेखन तथा प्रकाशनको जिज्ञासा लिई भिक्षु अमृतानन्द (वि.सं. १९७५–२०४७) ले शुरु गर्नुभयो । तब भिक्षु धर्मालोक बेलाबखतमा एक डेढ महिना वाघद्वार र मणिचूड आदि ठाउँमा गई शान्त वातावरणमा दिन बिताउन जानुभयो ।

विशेषत: वहाँलाई किन्डोल विहारमा भिक्षु एवं अनगारिकाहरू सबै एकै ठाउँमा विवशताका साथ रहनुपर्नाको कारण मनमा शान्ति थिएन, किनकि बाहिर अनेकौं निन्दा–चर्चाका कुराहरू हुने गर्दथ्यो, साथै अनेकौं उपहास पनि हुँदै रहन्थ्यो ।



Downloaded from http://dhamma.digital

यस्तै निन्दा–चर्चा, उपहास आदि हुँदै आएको कारण दिवदा-रको बेला वहाँ स्वयम्भू पर्वत स्थानमा घुम्न जाने गर्नुहुन्थ्यो ।

एक दिन वहाँ यस्तै घुम्न जानुभएको बेला "ख्वाउँ-बुंगा:" नामक स्थानको माथितिर अलि घना जङ्गल रहेको ठाउँमा एक मैदान भेटाउनुभयो । त्यहीँ वहाँले एकान्त अनुभव गर्दै जाँदा विशेष आनन्द-को पनि अनुभव हुँदै आयो । पछि आएर वहाँ दिनहुँ आनन्दको अनुभ-व गर्न आउने स्थान हुन आयो ।

एक दिन वहाँले त्यस्तै आनन्दको अनुभव गर्दै रहनु भएको वेला (वि.सं. १९९८) वर्षावास त्यहीँ एउटा 'कुटी' बनाई रहने विचार गर्नुभयो । त्यहीँ रहन वहाँले बन पाले सित सोध्नुभयो । वन रक्षकले पनि 'साधु' भएको हुनाले केही बाधा नभएको कुरा सुनायो । भिक्षु धर्मालोकले ती नै वन रक्षकलाई 'कुटी' बनाउने अर्डर दिई चाहिने जति रुपियाँ दिनुभयो । वर्षावास अधिष्ठान गर्नुभएको बेला 'कुटी' पूर्ण रूपमा तयार भएकै थिएन, तैपनि वहाँले अधिष्ठान गर्नुभई जसो तसो (दुइ-पटकसम्म ताल्चा फोरी ओढ्ने ओछ्याउने चोरेर लगे पनि) ३ महिने वर्षावास पूरा गर्नुभयो ।

वर्षावास समाप्त भएपनि वहाँ त्यस कुटीमा गई सुत्न गइनै-रहे । वर्षावास समाप्तिपछि कार्तिक महिनाभर वहाँले भिक्षु अमृतानन्द-लाई स्वयम्भू पर्वतस्थानमा 'विश्वन्तर जातक' को कथावाचन गराउनु-भएको थियो, जुन धर्मोपदेश सुन्न श्रद्धालु भक्तजनहरू बिहान सबेरै सबेरै नै आई पुग्थे । प्राय: गरी यस धर्मोपदेशको सारा बन्दोबस्त भिक्षु धर्मालोकले गर्नुभएको थियो । वहाँ सबेरै आनन्द कुटीबाट माथि आउनु भई सुकुल ओछ्याउने, आदिको बन्दोबस्त वहाँ स्वयंले नै गर्नुहुन्थ्यो । धर्मोपदेश समाप्तिको अवसरमा भिक्षु अमृता-नन्दले नेपालमा सर्वप्रथम अहोरात्र महापरित्राण पाठ सम्पन्न गरेको



Downloaded from http://dhamma.digital

थियो । कार्तिक पूर्णिमा (सकिमिला पुन्ही) का दिन सम्पन्न भएको त्यस महापरित्राण सुन्न स्वयम्भू पर्वत स्थानमा हजारौं भक्तजनहरू उपस्थित भएका थिए । परित्राणको समाप्तिपछि भोलिपल्ट बिहान बडो धूमधामका साथ बुद्ध पूजा भएको थियो । यसैबेला देखि स्थविरवाद बुद्धधर्मप्रति जनमानसको ध्यान केन्द्रित हुँदै आएको थियो ।

उता, बिस्तारै आनन्दकुटी पनि विहारको रूपमा परिणत हुँदै आयो । यसको निमित्त द्वारिका, पूर्णमान र भक्तलाल आदि उपासक-हरूको साथै क्षेत्रपाटीका बातुली नामक उपासिकाको श्रद्धाले कुटीलाई विस्तृत गर्नुको साथै अन्य एक आवास स्थल पनि निर्माण हुन आयो । अतः भिक्षु धर्मालोक वि.सं. २००० सालदेखि किन्डोल विहार छोडी "आनन्दकुटी विहार" मा रहन आउनुभयो ।

त्यसै सालको शिवरात्रीको समयमा ऊ. चन्द्रमणि महास्थविर, भिक्षु अमृतानन्दका साथ नेपाल आउनुभएको थियो । वहाँ एक महिनासम्म आनन्दकुटी विहारमै रहनुभएको थियो । त्यस अवधि भित्रमा गुरु चन्द्रमणि महास्थविरले उपत्यकाका विभिन्न दर्शनीय स्थलहरूको अवलोकन गर्नुका साथै विभिन्न विहार-विहारमा जानुभई गुप्त रूपमा पर्याप्त धर्मोपदेश गर्नु भई नवजागृत बौद्धहरूलाई प्रफुल्लित पार्नुभएको थियो ।

त्यसैबेला भिक्षु धर्मालोकले एक दिन गुरुवर समक्ष आफ्नो एउटा इच्छा जाहेर गर्नुभएको थियो, त्यो हो– "यदि कुनै एउटा बुद्ध मूर्ति पाए, विहान-बेलुका वन्दनादि गर्न एउटा मन्दिर (सानो विहार) बनाउन पाउने थियो ।"

ऊ. चन्द्रमणि महास्थविरले पनि "यदि मन्दिर बनाउने पक्का भए, आफु कहाँ (कुशीनगरको धर्मशालामा) रहेको दुईवटा संगमरमर



Downloaded from http://dhamma.digital

(*Marble*) का बुद्ध- मूर्ति मध्ये एउटा दिने पनि पक्का" भनी जवाफ दिनुभयो। तसर्थ भिक्षु धर्मालोकले बडो जोडतोडका साथ बुद्ध-मूर्ति राख्न "बुद्ध-मन्दिर" बनाउने कार्य शुरू गर्नु भयो। मन्दिर सिद्धिन लागेपछि वहाँ बुद्ध-मूर्ति लिन कुशीनगर जानुभयो। कुशीनगरबाट बुद्ध-मूर्ति लिई भीमफेदीमात्र के पुगेको थियो, काठमाण्डौंबाट आएका यात्रुहरूले बौद्ध भिक्षुहरूलाई सरकारले कडिकडाउ गर्दै ल्याएको कुरा सुनाउनुभयो। वहाँलाई पनि काठमाण्डौं नजान सल्लाह दिनु भयो। त्यसो गर्नाको कारण भने कसैले बताउन सकेन। त्यसको भोलिपल्ट विहान सबेरै बुद्ध-मूर्ति भीमफेदी मैं छोडी वहाँ पैदल काठमाण्डौं आउनु भयो। वहाँ एक रात बलम्बूमा बिताएर मात्र "आनन्दकुटी" आउनु भएको थियो। त्यही दिन (१५ श्रावण २००१) भिक्षु, श्रामणेर, अनगारिकाहरू सबैलाई सिंहदरबारमा हाजिर हुनुपर्ने पूर्जी दिइराखेको रहेछ। अतः भिक्षु धम्मालोक पनि आनन्दकुटी पुगेको केही समयपछि नै विहानै सिंहदरबारमा हाजिर हुन गए। एक लाइनमा भिक्षुश्रामणेरहरूलाई राखियो त दोश्रो लाइनमा अनगारिकाहरूलाई राखियो।

श्री ३ जुद्ध शम्शेरका हजुरिया जर्नेल बहादुर शम्शेरले भिक्षु एवं अनगारिकाहरूले नेपालमा बुद्ध-पूजा गर्न नपाउने, प्रब्रजित गर्न नपाउने, धर्मदेशना गर्न नपाउने, नेपाल भाषाबाट किताब लेख्न नपाउने आदि कुराहरू उल्लिखित कबुलियत पत्रमा सही राख्न पूरापूर इन्कार गर्नु भएपछि हुकुम दिएको थियो—

"यिनीहरूले भनेको कुरा नमान्ने भएपछि चिसापानीं गढी कटाइ दिनू, आइमाई अनगारिकाहरूलाई वर्षावासपछि मात्र पठाउनू।"

यी अनुज्ञा (हुकुम) श्री ३ जुद्ध शम्शेरलाई थाहै नदिकन ब्राह्मण पुरोहितहरूको षडयन्त्रमा संलग्न भई हजूरिया जर्नेल बहादुर शम्शेर (जुद्ध शम्शेरको पुत्र)ले दिएको थियो।



Downloaded from http://dhamma.digital

हजुरिया जर्नेलले हुकुम दिएपछि प्रत्येक भिक्षु एवं श्रामणेर-हरूको पछाडि एक-एक जना पुलिस साथ लगाई आ-आफ्नो विहारमा रहेको चीवर, किताब, बिछयौना आदि केही सामानहरू बन्दोवस्त गराई सबैलाई (८ जना भिक्षु एवं श्रामणेर) भोटाहिटी स्थित चपरासी अड्डामा हाजिर गराए। त्यहीँबाट पुनः एक-एक जना पुलिस साथ लगाई चिसापानी गढीसम्म छोडेर आउने अर्डर दिए।

यसरी बुद्धको जन्मस्थल नेपालमा बुद्धधर्म पुनरुद्धार गर्न आउनु भएका बौद्ध भिक्षुहरूलाई तेश्रो पटक (पहिलो–१९८२ साल ५ जना ध्येलुंहरूलाई, दोश्रो–१९९३ साल भोजपुरबाट भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई) १५ श्रावण २००१ को दिन बडो अन्याय-पूर्वक देश निर्वासित गरेको थियो।

निष्काशित गरिएका वहाँहरू (भिक्षु-प्रज्ञानन्द, धम्मालोक, सुवोधानन्द, प्रज्ञारश्मि, श्रामणेर-अग्गधम्म, कुमार काश्यप, रत्नज्योति र प्रज्ञारस) थानकोटमा एक रात विताई दोश्रो दिन विहान सबेरै चन्द्रा गिरी पहाड चढ्नुभएको थियो। दोश्रो दिन वहाँहरू भीमफेदीमा साहू द्वारिका प्रसाद मानन्धरको घरमा बास बस्नु भयो।

तेश्रो दिन वहाँहरू बीरगंज पुग्नुभयो। वीरगंजबाट रक्सौल पुग्नुभएपछि वहाँहरूले एक आपसमा सरसल्लाह गरी कोही कालिम्पोङ्ग, कोही नौतनवा, कोही कलकत्ता जानुभएको थियो। भिक्षु धर्मालोक, भिक्षु सुवोधानन्द र भिक्षु प्रज्ञारश्मि ३ जना कुशीनगर जानुभएको थियो। कुशीनगर पुग्नुभएपछि सारा वृत्तान्त ऊ. चन्द्रमणि महास्थविरलाई सुनाउनुभयो र त्यहीँ वर्षावासको अधिष्ठान पनि गर्नुभयो।

जसो तसो गरी बडो कठिनाइका साथ वर्षावास समाप्त गर्नुभई वहाँहरू सारनाथ जानुभयो। त्यही ३१ नवम्बर १९४४ (बु.सं. २४८८



Downloaded from http://dhamma.digital

कार्तिक पूर्णिमा) का दिन ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा "धर्मोदय–सभा" को स्थापना भएको थियो। 'धर्मोदय–सभा' का (तत्कालीन स्थापना कालका) कार्य कारिणी पदाधिकारी निम्न रूपमा रहनु भएको थियो –

१) अध्यक्ष – ऊ. चन्द्रमणि महास्थविर
२) उपाध्यक्ष – भदन्त आनन्द कौशल्यायन
३) सचिव – भिक्षु अमृतानन्द
४) संयुक्त सचिव – भिक्षु महानाम
५) कोषाध्यक्ष – मणिहर्षज्योति कंसाकार
६) सदस्य – भिक्षु ऊ. कित्तिमा महास्थविर
७) " – भिक्षु महाप्रज्ञा स्थविर
८) " – भिक्षु धर्मालोक स्थबिर
९) " – भिक्षु सुबोधानन्द।

त्यसबेला सारनाथमा "मूलगन्धकुटी विहार" को वार्षिकोत्सव (१४ औं) को समय थियो। अतः त्यहाँ मेला जस्तै भीड हुने गर्दथ्यो। ती उत्सवको समाप्ति पछि भिक्षु धर्मालोक कुशीनगर फर्कनुभयो। कुशीनगरमा केही समय रहनुभई वहाँ कालिम्पोङ्ग प्रस्थान गर्नुभयो।

कालिम्पोङ्गबाट पुनः भाजुरत्न साहूकै खच्चरद्वारा फारी जानुभयो। फारीमा २ हप्ता जति रहनुभई वहाँ अन्य तिब्बतीय स्थानहरूको साथै 'दुयू' भन्ने स्थानमा धेरै महिना रहनुभयो। 'दुयू' बाट वहाँ 'स्यासिमा' भन्ने स्थानमा रहन जानुभयो, जहाँबाट हुलाक नजिक हुनाको कारण कयौं व्यक्तिहरूसित पत्र–व्यवहार गर्दै रहनुभयो। त्यसैबेला वहाँले नेपालमा जुद्ध शम्शेर पश्चात् श्री ३ पद्मशम्शेर (शासनकाल वि. सं. २००२–२००४) नेपालको प्रधानमन्त्री हुनु भएको खबर सुन्नु भएको थियो, साथै श्रीलंकाबाट भिक्षु नारद महास्थविर (सन्१८९८–१९८३)



Downloaded from http://dhamma.digital

को नेतृत्वमा एक शिष्टमण्डल काठमाडौं आइपुग्नुभएको खबर पनि वहाँले थाहा पाउनुभयो, जुन शिष्टमण्डलमा भिक्षु अमृतानन्द पनि थिए।

पछि भिक्षु अमृतानन्दले नै वहाँलाई स्वदेशमा आगमन गर्न सजिलो हुने गरी कालिम्पोङ्गमा आइरहन पत्र पठाउनुभएको थियो, जुन पत्रानुसार वहाँ पनि 'स्यासिमा' बाट ५,६ दिनपछि कालिम्पोङ्ग आईपुग्नुभयो।

यता काठमाडौंमा श्रीलंकाबाट आउनुभएका वहाँहरू (भिक्षु नारद महास्थविर, भिक्षु प्रियदर्शी, भिक्षु अमृतानन्द, डा. रत्नसूर्य र प्रोफेसर आर्यपाल) ले श्री ३ पद्म शम्शेरलाई भेट्नुभई "निष्काशित भिक्षुहरूलाई फर्काइपाउँ" भनी विन्ति पत्र चढाएका थिए जुन विन्ति पत्रलाई श्री ३ पद्मशम्शेरले सहर्ष स्वीकार गर्नुभएको थियो। अतः भिक्षु अमृतानन्दले सर्वप्रथम भिक्षु धर्मालोक (निष्काशित भिक्षुहरूमा बृद्ध)लाई आगमनको निमित्त पत्र पठाउनुभएको थियो।

ती पत्र भिक्षु धर्मालोक कालिम्पोङ्ग पुग्नुभएको ५ दिन पछि प्राप्त भएको थियो। अतः वहाँ तुरून्तै काठमाडौं पुग्न रक्सौल आइ-पुग्नुभयो तर वीरगंजमा हुकुमको पूर्जी नआएको कारण वहाँ ७/८ दिन त्यहीँ रहनपर्‍यो। त्यसबेला जेठ महिना भएको कारण वहाँलाई गर्मीको कारण वीरगंजमा रहिरहन असह्य हुँदै आयो। त्यसैले वहाँ कालिम्पोङ्ग-मै फर्कनेविचारमात्र गरिरहेको थियो त्यसैबेला काठमाडौंबाट त्यहाँ आउने खवर पठाइयो। तब राहदानी पाएपछि भीमफेदीमा एक रात विताई सन् १९४६ को जून महिना (जेष्ठ शुक्ल ६, २००३) मा वहाँ आनन्दकुटी आइपुग्नुभयो। त्यस दिन वहाँको आँखामा प्रीतिमय आँसु भरिएको थियो। वहाँले भित्रि हृदयदेखि 'नारद महास्थविर' को दया र करूणा प्रति प्रसन्नताभाव ब्यक्त गर्नुभयो साथै भिक्षु अमृतानन्दलाई



Downloaded from http://dhamma.digital

पनि भन्नुभयो– "अमृतानन्द । तपाईंले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो ।"

आफूले निर्माणकार्य शुरू गरेको आनन्दकुटीमा विशेषत: भिक्षु अमृतानन्द र उपासकोपासिकाहरूको श्रद्धाले भीमफेदीमा छोडेर गएको बुद्ध-मूर्तिलाई पनि आफूले बनाएर गएको मन्दिरको सट्टा त्यही स्थानमा जगैदेखि राम्ररी बनाएको मन्दिरमा विराजमान गराइसकेका थिए । अत: वहाँ आनन्दकुटी पुग्नासाथ आफूले नसोचेकै रूपमा प्रगति भइरहेको देखि निकै आनन्दको अनुभव गर्नुभएको थियो ।

यसरी निष्काशित भिक्षुहरूको आगमन पश्चात् पुन: नेपालमा स्थविरवाद बुद्ध-धर्मको प्रचार-प्रसार तीव्र रूपमा हुँदै आयो । यसैको फलस्वरूप २००८ सालको कार्तिक महिनामा बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु नेपालमा पनि आगमन गर्न नेपाली बौद्ध समुदाय सफल भएको थियो ।

त्यस्तै २०१३ सालको कार्तिक (नोभेम्बर, सन् १९५६) महिनामा "धर्मोदय–सभा" को तत्त्वावधानमा ४२ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित गराई "चतुर्थ विश्व बौद्ध सम्मेलन" पनि सम्पन्न भएको थियो ।

यी प्रत्येक कार्यहरूमा भिक्षु धर्मालोकले सक्दो योगदान दिनु भएको थियो । यसको अतिरिक्त वहाँले बुद्धको जन्मस्थल लुम्बिनी, कुल भूमि कपिलवस्तु, प्राचीन स्तूप स्वयम्भूप्रति वहाँको भावना विशेष रूपमा व्यवस्थित गर्ने आशयले नै उक्त स्थानहरूको निमित वहाँले आफ्नो अमूल्य समय दिनुभएको थियो ।

राणा भीमशम्शेरको पाला (वि. सं. १९८७ साल) मा नेपाल भाषाबाट पर्चा छापे बापत आडम्बर मत पर्वमा समावेष्ट हुनु, यस्तो



Downloaded from http://dhamma.digital

किताबहरू नेपाल–भाषामा लेखी बनारसमा बार-बार गई प्रकाशन गर्नु, विशेषत: सामाजिक सुधार एवं समीक्षात्मक रूपमा नेपाल-भाषामा किताब लेखी पूर्ती गरिदिएको कारण 'च्वसापासा'' को तर्फबाट वहाँलाई ''भाषा-जवा:''को उपाधिले सम्मानित गरेको थियो ।

''च्वसा पासा''– नेपाल भाषा एवं साहित्यलाई विकास गर्नको निमित प्रेम बहादुर कंसाकार (ने. सं. १०३७–१११९) र मदनलोचन सिंहद्वारा ४ वछलागा १०७० ने.सं.(वैशाख पूर्णिमा २००७ साल) को दिन कलाकत्तास्थित रामजीदास जेतियालेन (धर्मोदय कार्यालय) मा स्थापना गरेको थियो ।

यसरी ''च्वसापासा'' स्थापना हुनुभन्दा अगाडि नै कयौं किताबहरू नेपाल भाषामा लेखी प्रकाशन गरिसक्नु भएका भिक्षु धर्मा-लोक महास्थविर विशेषत: धर्म–सम्बन्धी वाद–विवाद गर्दै रहन नपाए दिक्क मानिने स्वभावका व्यक्ति थिए ।

वहाँ गृहस्थ (दशरत्न उपासक) को वेला नै अन्याय, अकीर्ति को विरुद्ध आवाज उठाउन सक्ने व्यक्ति, प्रव्रजित भए पश्चात झन निर्भीक रूपमा बोलाइमा मात्र होइन लेखाइमा नै उग्रता ल्याउनुभएको थियो । प्रमाणको रूपमा ''लोकय् कुचाल कुव्यवहार सुधार'' ''ईश्वर म्हसीकि'' ''कर्म सुधार'' ''सुयागु धर्म सत्य ख:'' आदि किताब्र लेखी विकृत हुँदै आइरहेको बौद्ध समाजलाई सुधार्न वहाँ अग्रगण्य हुनु भएको थियो ।

यसको अतिरिक्त वहाँले त्यस बेला नै तामाङ, गुरुङ, मगर, थकाली, मानन्धर, ताम्राकार आदि कयौं जातिहरू बौद्ध भएर पनि जनसंख्याको जनगणनामा बौद्धहरूको जनसंख्या आश्चर्यजनक रूपमा कमी देखाएकोमा तीव्र विरोध गर्नुभएको थियो ।

यसप्रकार हरेक क्षेत्रमा अमूल्य योगदान दिँदै आउनुभएका वहाँ ७५ वर्षको उमेरमा लुम्बिनीको 'धर्मोदयविहार' बाट अस्वस्थ रूपमा



Downloaded from http://dhamma.digital

काठमाडौं आउनुभएको थियो। कान्ति अस्पतालमा भर्ना भई स्वस्थ हुनु भयो, तबदेखि वहाँ आनन्दकुटी विहारमा रहँदै आउनुभएको थियो।

वृद्ध एवं रोगी शैय्याबाट उठेको शरीर भए तापनि आफ्नो स्वभावानुसार प्रत्येक कार्यमा संकल्प विकल्प गर्दै रहने व्यक्ति। अनायाश! ५ अक्टोबर १९६७ (१८ आश्विन २०२४) को दिन आनन्दकुटी विहारमै रातोको समय निधन हुनुभयो।

८ अक्टोबरको दिन वहाँको शवयात्रामा उपस्थित बुद्धधर्मका तीनैयान (थेरवाद, महायान र वज्रयान) का असंख्य उपासकोपासिकाहरूको साथै कैयौं अबौद्धहरू पनि वहाँलाई श्रद्धाञ्जली चढाउन आएका थिए। यसबाट वहाँको प्रतिभा छर्लङ्ग भएको महसूस गर्न सकिन्छ।

अन्तमा, आनन्दकुटी विहार, स्वयम्भूमा वहाँको स्मृतिस्वरूप बनिएको 'धम्मालोक धम्मागार' स्थित वहाँको प्रतिबिम्ब (प्रतिमा) सदाको लागि नमनीय भएको छ। ☐

## –सन्दर्भ–


१) महाचीनयात्रा – भिक्षु धर्मालोक स्थविर
'धर्मोदय सभा' कालिम्पोङ्ग – ने.सं. १०७०

२) लुमंके बहःपिं, ब्वति'–१ – भिक्षु सुदर्शन
'च्वसापासा' केल मासंगल्ली,
यें, ने.सं. १०९०

३) तिब्बतमे सवा बरस– राहुल सांकृत्यायन
–शारदा मन्दिर, नई दिल्ली,
वि. सं. १९९०

४) यात्रा के पन्ने – राहुल सांकृत्यायन
– साहित्य सदन, देहरादून– १९५२

५) महास्थविर धम्मालोक भन्ते – धर्मरत्न 'यमि'
–लेखक स्वयं वि.सं. २०२७




Downloaded from http://dhamma.digital

मुद्रक :
शोभा भगवती प्रिटिङ्ग प्रेस
ढल्को, क्षेत्रपाटी, काठमाडौं
फोन- २-१२५६१

Downloaded from http://dhamma.digital